# स्थानीय तह निर्वाचन (आर्थिक) (दोस्रो संशोधन) निर्देशिका, २०७४

निर्वाचन आयोगबाट स्वीकृत मिति: २०७४।४।१०

स्थानीय तह निर्वाचन (आर्थिक) निर्देशिका, २०७३ लाई संशोधन गर्न वान्छनीय भएकोले,

निर्वाचन आयोग ऐन, २०७३ को दफा ५० ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले यो निर्देशिका बनाई लागू गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यस निर्देशिकाको नाम "स्थानीय तह निर्वाचन (आर्थिक) (दोस्रो संशोधन) निर्देशिका, २०७४" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. **स्थानीय तह निर्वाचन (आर्थिक) निर्देशिका, २०७३ को दफा ३८ मा संशोधन** : स्थानीय तह निर्वाचन (आर्थिक) निर्देशिका, २०७३ को दफा ३८ को,-

(१) उपदफा (२) मा रहेका "आर्थिक विवरण" भन्ने शब्दहरु पछि "आयोग र" भन्ने शब्दहरु थपिएका छन् ।

(२) उपदफा (३) पछि देहायको उपदफा (३क) थपिएको छः-

"(३क) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो उपदफा प्रारम्भ हुनुअघि निर्वाचन सम्पन्न भई निर्वाचन कार्यालयमा स्रेस्ता तथा प्रमाणित आर्थिक विवरण बुझाई नसकेका निर्वाचन अधिकृत र यो उपदफा प्रारम्भ भएपछि निर्वाचन हुने स्थानीय तहका निर्वाचन अधिकृतले निर्वाचन परिणाम घोषणा भएको मितिले बाटोको म्यादबाहेक पन्ध्र दिनभित्र त्यस्तो स्रेस्ता तथा प्रमाणित आर्थिक विवरण अन्तिम लेखापरीक्षणको लागि आयोगमा बुझाउनु पर्नेछ ।"